# बराहक्षेत्र नगरपालिका

## गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधी २०७८

**प्रस्तावना :**

पशुपन्छीं विकासमा सम्लग्न विभिन्न कार्यहरु मार्फत कृषकहरुलाई समय समयमा गणस्तरिय उत्पादकत्व वढी भएका नश्लका पशुपन्छीहरु अनुदान सहयोग उपलब्ध भईरहेको परिप्रेक्षमा मासु उत्पादन बढाउन प्रयोजनको लागी उन्नत नश्लको गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई स्रोतमा नै खरिद गरी नगर क्षेत्रमा गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पालन विकास र प्रबद्धन गर्नका लागि बराहक्षेत्र नगरपालिका प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ र बराहक्षेत्र नगरपालिका कार्य सम्पादन नियमावली २०७४ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो "बराहक्षेत्र नगरपालिका गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधी २०७८" तर्जुमा गरी लागू गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१ कार्यविधीको संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधीको नाम "बराहक्षेत्र नगरपालिका गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधी २०७८" रहेको छ।

(२) यो कार्यविधी नगर कार्यपालिकाबाट स्वीकृत भएपछि प्ररम्भ हुनेछ ।

(३) यो कार्यविधी नगरपालिका अन्तरगतका कार्यक्रम सञ्चालन गर्दा लागू गरिनेछ ।

**२ परिभाषा** : (१) विषय र प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "नगरपालिका" भन्नाले बराहक्षेत्र नगरपालिका जनाउँदछ ।

(ख) "कृषक" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्लग्न भएको ब्यक्तीलाई जनाउँदछ ।

(ग) "वडा" भन्नाले नगरपालिकाको वडा जनाउँदछ।

(घ) "स्थानिय तह" भन्नाले बराहक्षेत्र नगरपालिकालाई जनाउँदछ ।

(ङ) "कृषक समुह" भन्नले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्युनतम ५ वा सो भन्दा प्रयत्नद्वारा प्राप्त गर्न बनाएको संगठनलाई समुह जनाउँदछ ।

(च) "समिति" भन्नाले यस कार्यविधिको दफा ६ बामोजिम नगर स्तरमा गठित बोयर बाख्रा प्रवर्द्धन नगर स्तरिय समितिलाई जनाउँदछ ।

(छ) "सम्झौता" भन्नाले कार्यक्रम सञ्चालन गर्दा ब्यक्ती वा कृषक वा संघसस्थाहरुसँग गरिने दुई पक्ष लिखित सम्झौतालाई जनाउँदछ ।

**३ उदेश्य** : (१) गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई अनुदान वितरण तथा सञ्चालनमा सघाउ पुर्याउनका लागि यस कार्यविधीको उदेश्यहरु निम्न अनुसार रहेको छ :

(क) गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई अनुदान सम्बन्धी कार्यक्रमलाई खुल्ला , पारदर्शी र वस्तु निष्ठ बनाउने ।

(ख) बराहक्षेत्र नगरपालिकालाई गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पकेट क्षेत्रको रुपमा विकास गर्ने ।

## परिच्छेद २

## लक्षित वर्ग छनौट र ब्यवस्थापन

४ **लक्षित वर्ग छनौटका आधारहरु :** (१) अनुदान उपलब्ध गराउदन देहायका आधारमा गरिने छ :

(क) बराहक्षेत्र नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने कृषक ।

(ख) गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पालन व्यवसायमा संलग्न हुन चाहने विपन्न परिवार वा समुह ।

(ग) हाल गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पालन व्यवसायमा संलग्न ब्यक्ति वा समुह ।

(घ) खण्ड (ख) र(ग) को योग्यता भएका आदिवासी जनजाती दलित मधेशी पिच्छडा वर्ग महिला र अन्य विपन्न समुहहरुलाई अनुदान वितरणमा प्राथमिकता दिइनेछ ।

**५ अनुदन वितरण र दिगो व्यवस्थापन :** (१) अनुदन प्राप्त गर्ने व्यक्ती वा समुहले व्यवसाय दर्ता गरेकोमा व्यवसाय नविकरण गरेको र दर्ता नभएका हकमा व्यवसाय दर्ता गर्नुपर्ने छ ।

(२) अनुदान वितरण गर्दा वोयर गाई/बाख्रा र विउ साढैं/बोकाको अनुपात मिलाएर गरिनेछ।

(३) अनुदान प्राप्त गाई/बाख्रा र विउ साढैं/बोका बेचविखन गर्न पाईने छैन ।कारणवश अनुदान प्राप्त गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पाल्न असमर्थ भएको अवस्थामा समितिलाई लिखित जानकारी गराउनु पर्नेछ । समितिले गरेको निर्णय अनुसार उक्त बोका वा बाख्रा दफा ४ मा व्यवस्था भएअनुसार पुनः वितरण गरिने छ ।

(४) अनुदान प्राप्त गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाईको पालन पोषण र उचित ब्यवस्थापन गर्ने जिम्मेवारी अनुदानग्राहीको हुनेछ । नगरपालिकाबाट हुने नियमित तथा आकस्मिक अनुगमनका क्रममा अन्यथा पाईएमा अनुदान ग्राहीबाट फिर्ता लिई अन्य किसानहरुलाई हस्तान्तरण गर्न सकिनेछ ।

(५) अनुदान वितरण भएका गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई मध्ये बाख्रा र वंगुरको बीमा गर्ने व्यवस्था नगरपालिकाले गर्नेछ । स्वास्थ्य जाँच र उपचार खर्च बीमाले बोक्न नसकेको खण्डमा अनुदानग्राहीले ब्यहोर्नु पर्नेछ ।

(६) अनुदान प्राप्त भएको दोस्रो वर्ष भित्र सबै गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पालक किसानहरुको सहकारी गठन गरि बजारीकरण र गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई प्रबर्द्धनलाई सस्थागत र संगठित गरिनेछ ।

## परिच्छेद ३

## अनुदान दिने कार्यको जिम्मेवारी तथा अनुदान सम्बन्धी ब्यवस्था

**६ समिति सम्बन्धी व्यवस्था :** (१) गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई प्रबर्द्धन र सो सम्बन्धी अन्य आवश्यक कार्य गर्नका लागि नगर प्रमुखको संयोजकत्वमा देहायबमोजिमको गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई प्रबर्द्धन नगर स्तरिय समिति हुनेछ :

(क) नगर प्रमुख प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) समितिले मनोनयन गरेको कार्यपालिका सदस्य १ जना -सदस्य

(घ) पशु सेवा शाखा प्रमुख -सदस्य

(ङ) सम्बन्धित शाखा प्रमख -सदस्य सचिव

**७ समितिको काम कर्तव्य र अधिकार : (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क)गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई प्रवर्द्धनका लागि आवश्यक आर्थिक भौतिक र प्राविधिक वातावरणको सृजना गर्ने ।

(ख)गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई र पालनका लागि दफा (४) को उपदफा (१) अनुसार लक्षित वर्गको पहुँच सुनिश्चित गराउने ।

(ग) गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई को लागि अनुदानग्राहीबाट प्राप्त माग निवेदनहरुको आवश्यक जाँच गरी अनुदान सम्बन्धी निर्णय गर्ने ।

(घ) गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पालक व्यवसायिहरुले बीउको लागि विदेशबाट ल्याउने सम्बन्धमा अनुदान माग गरेमा सोसम्बन्धी निर्णय गर्ने ।

(ङ) अनुदानमा वितरण भएका गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाईहरुको नियमित अनुगमनको ब्यवस्था मिलाउने । अनुदान दिएका गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई कुनै कारणवश पुन हस्तान्तरण गर्नु पर्नेव भएमा सो सम्बन्धी निर्णय गर्ने ।

(च) गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाईको बजार प्रबर्द्धनमा सहयोगका लागि सहकारी गठनमा सहजीकरण व्यावस्था गर्ने ।

(छ)गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई प्रबर्द्धनका लागि सङ्घिय सरकार प्रदेश सरकार प्रदेश सरकार सोसम्बनधी कार्यमा लागेका अन्य राष्ट्रिय अन्तराष्ट्रिय रङ्ग सस्था र व्यवसायिहरुसँग समन्वय र सम्बन्ध विस्तार गर्ने ।

(ज) बिउ बोका/साढैं प्रयोग शुल्क निर्धारण गर्ने र गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई प्रबर्द्धनका लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

**८ अनुदान कार्यक्रम सम्बन्धी व्यवस्था** : (१) अनुदान प्रदान गर्दा गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पालन गर्न इच्छुक दफा (४) बमोजिमका कृषकहरुबाट अनुसूची (१) बमोजिम वडाको सिफारिससहित निवेदन माग गरिनेछ ।

(२) दफा ८ को उप दफा १ बमोजिम प्राप्त निवेदनमा आवश्यक जाँचबुझ गरी अनुदान गर्ने सम्बन्धी अन्तिम निर्णय समितिले गर्नेछ ।

(३) गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई अनुदान प्राप्त गर्ने ब्यक्ती र समुहले अनुदान सम्झौता गर्नु पर्नेछ । अनुदन सम्बन्धी सम्झौताका सर्तहरु यस कार्यविधिको उदेश्य अनुरुप हुनु पर्नेछ ।

(४) किसान र किसान समुहले अनुदान प्राप्त गरेका बिउ बोकाहरुको प्रयोग शुल्क समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) किसानहरुलाई अनुदान वितरण भएको बिउ साढैं/बोका/बाख्रा/वंगुरको पाठापाठी गुणस्तर सुधारका लागि (हाडनाता छल्ने प्रयोजनको लागि) समय समयमा समितिले एक किसानबाट अर्को किसानमा साटोफेरो गर्नेछ।

## परिच्छेद ४

## सहकारी गठन प्रक्रिया कार्य समितिको संरचना र पदाधिकारीको जिम्मेवारी

**९ सहकारी गठन** : (१) सम्बन्धित वडाका जनप्रतिनिधिको रोहवरमा तपशिल बमोजिमको प्रक्रिया अवलम्बन गरी बाख्रा/वंगुर पालक सहकारी गठन गरिनेछ ।

**(क) प्रारम्भिक कृषक भेला :**

- गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पालक कृषकहरुको भेला तथा अभिमुखिकरण कार्यक्रम आयोजना गर्ने ।
- भेला सञ्चालनका लागि सहकारी विकास शाखा/कृषि वा पशु सेवा शाखाले जिम्मेवारी लिई सहजीकरण गर्ने ।
- कृषक भेलाको उदेश्य र आवश्यकता (सहकारी गठनको उदेश्य र आवश्यकता ) बारे जानकारी प्राप्त गर्ने ।

**(ख) तदर्थ समितिको गठन :**

- सामाजिक समावेशिकरणको आधारमा सहकारीको तदर्थ समितिको गठन गर्ने ।
- सहकारीको विधानको खाका तयार पार्ने ।
- समूह हितकोष सम्बन्धी निर्णय गर्ने ।
- समुहको उदेश्य र कार्यक्रम तर्जुमा गर्ने ।

- सम्बन्धित निकायमा विधान दर्ता गराउन जिम्मेवारी दिने ।
- तदर्थ समिति गठन भएको ६ महिनाभित्र साधारणसभाको आयोजाना गर्ने ।

**१० सहकारीको काम कर्तव्य र अधिकार** : (१) गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पालन ब्यवसायलाई सङ्गठित र संस्थागत बनाउने उदेश्य अनुरुप बराहक्षेत्र नगरपालिका सहकारी ऐनले तोकेबमोजिम हुनेछ ।

**११ ब्यवसायिक फर्म सम्बन्धमा** : (१) व्यवसायिक निजी तथा साझेदारी फर्मका हकमा सहकारीमा संम्लग्नता आवश्यक हुने छैन ।

## परिच्छेद ४
## सुपरिवेक्षण अनुगमन एंव मूल्याङ्कन

**१२ सुपरिवेक्षण अनुगमन एंव मूल्यांकन** : (१) नगरपालिकाले गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पालक किसान र किसान समुहको सुपरिवेक्षण अनुगमन एंव मूल्याङ्कन जुनसुकै समयमा गर्नेछ ।

(२) गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पालनमा सहजीकरण र प्राविधिक सहयोगका लागि सम्पर्क शाखा एकाइका रुपमा बराहक्षेत्र नगरपालिका पशु सेवा शाखा रहनेछ ।

## परिच्छेद ५
## विविध

**१३ प्रतिवेदन पेश गर्ने** : (१) अनुदान ग्राहीको आफुले प्राप्त गरेको माउबाट जन्मने बाच्छाबाच्छी/पाठा पाठी र चल्लाहरुको बिक्रीको विवरण व्यावसाय वा समूह नवीकरण गर्दा वार्षिक रुपमा नगरपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१४ प्रचलित कानुन** लागू हुने प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम हुनेछ।

**१५ संशोधन र बचाउ** : (१) यस कार्यविधिको जुनसुकै बुदाँ र दफा आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन र खारेज गर्न सक्नेछ ।

## अनुसूची १
## दफा ८ सँग सम्बन्धित
## गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई अनुदानका लागि निवेदन

मिति २०....../.../...

श्रीमान नगर प्रमुख ज्यू
बराहक्षेत्र नगरपालिका चक्रघट्टी सुनसरी ।

विषय गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई अनुदान सम्बन्धमा।

बराहक्षेत्र नगरपालिकाको चालु आ.व. ............ को वार्षिक स्वीकृत योजना र कार्यक्रम बमोजिम स्थानिय तथा उन्नत गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई पालन गर्न ईच्छुक भएको हँदा नियमानुसार गाई/बाख्रा/वंगुर/कुखुरा/टर्की/बटाई......... ओटा उपलब्ध गराइदिनुहुन सूचनामा माग गरिएका कागजात र विवरणहरु संकलन गरी नेपाली नागरिकताको प्रतिलिपि सहित यो निवेदन गरिएको छ ।

**आवश्यक कागजातहरु**

क निवेदन
ख वडाको सिफारिस पत्र
ग व्यवसाय दर्ताको प्रमाण पत्र
घ नागरिकताको प्रतिलिपी

.....................
नाम थर :
ठेगाना :

**प्रमाणिकरण गर्नेको :**

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी
कोशी प्रदेश, नेपाल

**दस्तखत :**

**नाम थर :** श्री खगेन्द्र गिरी

**दर्जा :** प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठ संख्या :** ६

**मिति :**

**कार्यालयको छाप :**